नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : ०७५/७६

च.नं. : ५८३

मिति : २०७६/०१/०२

बिषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै (सुदुर पश्चिम प्रदेश र कर्णाली प्रदेश भित्र),

प्रस्तुत बिषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.मा.अ./७२१/६८२२ मिति २०७५/१२/१४ को प्राप्त पत्रसाथ संलग्न निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको च.नं.१८०९ मिति २०७५/१२/१० को पत्र यसै साथ संलग्न छ ।संलग्न पत्रबाटै व्यहोरा अवगत गरी सोको कार्यान्वयनको व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

(केशवराज पार्धे)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः वेभसाइटमा अपलोड गर्नु हुन ।

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
मानव अधिकार शाखा
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ०७५/०७६
च.नं. :- मा.अ./७२१/६८२२

२०७५।१२।१४

विषय : सिफारिस कार्यान्वय गर्ने सम्बन्धमा

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
स्थानीय तह समन्वय शाखा,
सिंहदरबार, काठमाण्डौ।

दर्ता नं.:- १६५५३
मिति:- ०८८२।१२।

उपरोक्त सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको च.नं. १८०९ मिति २०७५।१२।१० गतेको पत्र मार्फत नेपालको सुदुरपश्चिम तथा मध्यपश्चिमका केही भागहरुमा अझै पनि छाउपडि जस्तो महिला विरुद्धको कुप्रथाले महिला र किशोरीहरुलाई महिनावारी तथा सुत्केरी हुँदा जस्तो प्राकृतिक र नियमित प्रकृयालाई अपवित्र र अशुद्ध मानी घर बाहिर राख्ने प्रचलन रहेको जसको कारणले छाउगोठमा बसेको समयमा महिला तथा किशोरीहरु हिंसामा पर्ने, मृत्यु हुने, विरामी पर्ने, बालबालिकाको मृत्यु हुने, कुपोषणको शिकार हुने, सर्पदंश तथा जंगली जनावरबाट मृत्यु हुने, निसासिएर समेत मृत्यु भई जीवनको अधिकारबाट नै बञ्चित हुने गरेको पाइएकोले यसको नियन्त्रण तथा न्यूनिकरणको लागि राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७५।१०।२० गतेको निर्णयानुसार गरिएको उक्त पत्रमा उल्लेखित स्थानीय तहहरुलाई गरिएको सिफारिसहरु कार्यान्वयन गर्न गराउन सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा रहेका सबै स्थानीय तहहरुसँग आवश्यक समन्वय गर्ने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ।

संलग्नः (१) आयोगको च.नं. १८०९ मिति २०७५/१२/१० को पत्रको फोटोकपी ।

बोधार्थः
श्री राष्ट्रिय मानव अधिकार आयोग,
हरिहरभवन, ललितपुर।

(विश्वदीप वेस्रा)
शाखा अधिकृत

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


मिति: २०७५।१२।१०

च.नं. १८०९

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाण्डौ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्या
१८८८९
२०७५।१२।१२

**बिषय: निर्णय कार्यान्वयनको सम्बन्धमा ।**

उपर्युक्त सम्वन्धमा नेपालको सुदूरपश्चिम तथा मध्यपश्चिमका केही भागहरुमा अझै पनि छाउपडी जस्तो महिला बिरुद्धको कुप्रथा कायम रहेको पाइएको छ । यस्तो कुप्रथाले महिला र किशोरीहरुलाई महिनावारी तथा सुत्केरी हुँदा जस्तो प्राकृतिक र नियमित प्रकृयालाई अपवित्र र अशुद्ध मानी घर बाहिर छाउगोठमा राख्ने प्रचलन छ । छाउगोठमा बसेको समयमा महिला तथा किशोरीहरु हिंसामा पर्ने, मृत्यु हुने, बिरामी पर्ने, बालबालिकाको मृत्यु हुने, कुपोषणको शिकार हुने, सर्पदंश तथा जंगली जनावरबाट मृत्यु हुने, निसासिएर समेत मृत्यु भई जीवनको अधिकारबाट नै वञ्चित हुने गरेको पाइएकोले यसको नियण्त्रण तथा न्यूनीकरणको लागि राष्ट्रिय मानव अधिकार आयोगले अछाम र दैलेख जिल्लामा छाउपडी सम्बन्धी राष्ट्रिय जाँचबुझ कार्यक्रम सम्पन्न गरी कार्यक्रमबाट प्राप्त तथ्यको आधारमा नेपाल सरकार,प्रदेश र स्थानिय तथा गैसस एवं मानव अधिकारकर्मी तथा नागरिक समाजलाई देहाय बमोजिम गर्न गराउन आयोगको मिति २०७५/१०/२० को निर्णयानुसार सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

१. संघीय सरकारलाई

१. धर्मको आडमा किशोरी-महिला विरूद्धको छाउपडी प्रथालाई निरन्तरता दिनु भनेको अप्रत्यक्ष रूपमा किशोरी-महिलाको यौनिकता र प्रजनन् शक्तिमा नियन्त्रण कायम गर्नु हो । यस्तो प्रकारको नियन्त्रणले किशोरीहरुको आत्मसम्मानका साथ जिउन पाउने अधिकार, हिड्डुल गर्ने स्वतन्त्रताको अधिकार, शिक्षा, स्वास्थ्य, आर्थिक स्वतन्त्रताको अधिकार हनन् गर्ने र यस्ता बिभेदले यौनिकता र प्रजनन् अधिकारको प्रयोगलाई कटौती गर्ने भएकाले यस विषयमा क्रियाशील सम्वन्धित सबै विशेष गरी राज्य अधिकारमुखी दृष्टिकोणबाट जवाफदेही बन्न,बनाउन,

२.छाउपडी प्रथा अन्त्यका सम्वन्धमा नेपालको संविधान तथा अन्य प्रचलित कानुनले व्यवस्था गरेका प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्न, गराउन,

३. छाउपडी प्रथा अन्त्य गर्नका लागि मुलुकी अपराध संहिता ऐन २०७४ को व्यवस्था कार्यान्वयन र छाउपडीबाट पीडितको सुरक्षा, क्षतिपूर्ति, उजुरीकर्ताको संरक्षण, मनोसामाजिक परामर्श, पुनर्स्थापना जस्ता पीडितको न्यायमा पहुँचका पूर्व शर्तहरु सम्बोधन गर्ने तर्फ मुलुकी अपराध संहिता ऐन २०७४ को दफा १६८ यथोचित संशोधन गरी प्रभावकारी बनाउन ,

२.प्रदेश सरकार/स्थानीय तहलाई

१. छाउपडी बढी प्रभावित जिल्ला क्षेत्र र स्थानीय तहमा प्राथमिकताका साथ चेतनामूलक कार्यक्रम सञ्चालन गर्न, गराउन,
२. महिला एवम किशोरीलाई छाउपडी अवस्थामा गरिने अमानवीय र क्रूर व्यवहार कानुन बमोजिम निषेधित भएकोले यस्तो कार्य गर्नेलाई नेपाल प्रहरीले कानुनी कारवाहीको दायरामा ल्याउन,

३. स्थानीय तहले नेपाल प्रहरी सँगको संयोजनमा छाउपडी पीडितलाई उद्धार गरी सुरक्षित बासको व्यवस्था गर्न, गराउन,
४. छाउपडी प्रथा अन्त्यका लागि राजनीतिक दल र जनप्रतिनिधिहरूले यसलाई आफ्नो दलको राजनीतिक मुद्दा बनाई यस प्रथाले लैङ्गिक राजनीतिमा र मानव अधिकारमा पार्ने प्रभावको विषयमा रचनात्मक सार्वजनिक वहस चलाउनका लागि नागरिक समाज तथा राजनीतिक दललाई प्रेरित गर्न ।

३. गैरसरकारी संघसंस्थाहरू/नागरिक समाज/मानव अधिकारकर्मीलाई

१ गैरसरकारी संस्थाहरु, नागरिक समाज र मानव अधिकारकर्मीहरुले छाउगोठ भत्काउने कार्यमा जोड दिएको देखिन्छ तर ती संघसंस्थाहरुले आमा समूह, सासू, स्वास्थ्य स्वयम्सेवी, अनमी/स्वास्थ्य कार्यकर्ता/मानवअधिकारकर्मी जस्ता परिवार र समाजलाई प्रत्यक्ष प्रभाव पार्ने समुदायलाई छाउपडी बिरुद्ध क्षमता अभिवृद्धि र जनचेतना सम्बन्धि कार्यक्रम संचालन गर्न, गराउन,

२. स्थानीय रेडियो तथा एफ. एम. कार्यक्रमबाट छाउपडी कुप्रथा हो, कानूनी अपराध पनि हो, यसको अभ्यास गर्नेलाई कानुनी सजाय हुन्छ भन्ने प्रकृतिका सन्देशमूलक जानकारी स्थानीय भाषामा प्रसारित गर्न, गराउन,
३. छाउपडी मुक्त गाउँ घोषणा गर्ने कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्ने र छाउपडी प्रथा नियन्त्रण गर्न सहयोग गर्ने सामाजिक अभियन्तालाई पुरस्कारको व्यवस्था गर्न, गराउन,

४. राजनीतिक नेतृत्व र स्थानीय जनप्रतिनिधिहरुले छाउपडी प्रथा उन्मूलनका लागि तदारुकताका साथ कानुनको कार्यान्वयन गरी महिलाको मानव अधिकारको सुनिश्चितता गर्न, गराउन,

साथै, छाउपडी प्रथाको अन्त्य सम्वन्धी आयोगले मिति २०७५/२/२० मा तहाँ कार्यालयलाई पठाएको सिफारिसको प्रभावकारी कार्यान्वयन गर्न गराउन हुन समेत निर्णयानुसार अनुरोध गरिन्छ ।

वेद भट्टराई
सचिव